१८औं

# संक्षिप्त वार्षिक आर्थिक विवरण
२०६७-२०६८



नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

थोरै नै पर्याप्त
न्यून जोखिम, अधिकतम प्रतिफल

# नेपाल एसबिआई बैंक लिमिटेडको
# अठारौं वार्षिक साधारणसभासम्बन्धी सूचना

शेयरधनी महानुभावहरू,

यस बैंकको संचालकसमितिको वि.सं. २०६८ कार्तिक ८ गते मंगलवार बसेको ३१७ औं बैठकको निर्णयअनुसार यस बैंकको अठारौं वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल गर्नकालागि तललिखित मिति, स्थान तथा समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि अनुरोध गर्दछु ।

| | | |
|---|---|---|
| सभा हुने मिति | : | वि.सं. २०६८ मंसिर १० गते (तदनुसार २६ नोभेम्बर २०११), शनिवार । |
| स्थान | : | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |
| समय | : | दिनको ११:०० बजे । |

बैंकको १८ औं वार्षिक साधारणसभाको छलफलको विषयसूची :

क) सामान्य प्रस्तावः

१. आ.व. २०६७/६८ का लागि संचालकसमितिको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ. व. २०६७/६८ को वार्षिक आर्थिक विवरण (आषाढमासान्त २०६८ को वासलात, आ.व. २०६७/६८ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाबलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

३. बैंकको संचालकसमितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरूलाई कानूनबमोजिम रु.९३,४६५,१६३/- बराबर (अर्थात् चुक्ता पूँजीमा ५ प्रतिशतका दरले) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४. बैंकको लेखापरीक्षणसमितिले सिफारिस गरेबमोजिम आ.व. २०६८/६९ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. विविध ।

ख) विशेष प्रस्ताव :

१. बैंकको अधिकृत पूँजी वृद्धि गरी रु.३ अर्ब पुऱ्याउने ।

२. बैंकको संचालकसमितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरूलाई कानूनबमोजिम रु. २३३,६६२,९०७/- बराबर (अर्थात् प्रत्येक १०० कित्ता शेयरबराबर १२.५ कित्ताका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

३. बोनस शेयर जारी गरेको कारणबाट बैंकको चुक्ता पूँजी र जारी पूँजीमा वृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

४. अधिकृत पूँजी वृद्धि र बोनस शेयर जारी गरेको कारणबाट बैंकको प्रबन्धपत्रको दफा ५.१ को खण्ड (क), (ख) र (ग) मा संशोधन गर्न स्वीकृति प्रदान गर्ने र यससम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालकसमितिलाई प्रवन्धपत्रको संशोधित दफामा आवश्यकताअनुसार परिवर्तन गर्न स्वीकृति प्रदान गर्ने ।

५. बैंकले आ.व. २०६७/६८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न व्यक्ति, संघ संस्थाहरूलाई सहायता गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ४५२,२७२/- लाई अनुमोदन गर्ने ।

संचालकसमितिको आज्ञाले
कम्पनी सचिव

# अठारौं वार्षिक साधारणसभा समक्ष प्रस्तुत संचालक समितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

नेपाल एसबिआई बैंक लि. को अठारौं वार्षिक साधारणसभामा यहाँहरूको स्वागत गर्न पाँउदा म वास्तवमै हर्षित छु । यस अवसरमा, म यहाँहरूसमक्ष संचालकको प्रतिवेदनको साथै आ.व. २०६७/६८ को वार्षिक आर्थिक विवरणको संक्षिप्त प्रतिवेदन संचालकसमितिको तर्फबाट प्रस्तुत गर्न गइरहेको छु । प्रस्तुत प्रतिवेदन सम्बद्ध विधायिकी एवं नियमन प्रावधानहरूअनुरुप रहेको सर्वप्रथम निवेदन गर्दछु ।

## १. गत वर्षको समीक्षा :

मुनाफामा उल्लेखनीय वृद्धि, कार्यदक्षतामा सुधारका साथै सबल एवं स्थिर वृद्धिको माध्यमबाट आफ्नो पहुँचलाई विस्तार गर्दै नेपाल एसबिआई बैंकले आ.व. २०६७/६८ (२०१०/११) लाई सफलतापूर्वक पार गरेको छ । विश्वव्यापी एवं स्थानीय वातावरणले पैदा गरेका चुनौतीहरू र सिंगो बैंकिङ्ग व्यवसाय नै चरम प्रतिस्पर्धात्मक अवस्थामा गुज्रिरहेको विषम परिस्थिति विद्यमान हुँदाहुँदै पनि यो सफलता हासिल हुन सकेको छ ।

### १.१. संचालन वातावरण :

नेपालमा विगत केही वर्षहरूदेखि नै संचालनको वातावरण निकै नै जटिल हुँदै आएको छ भने समीक्ष वर्ष पनि त्यसबाट अछुतो रहन सकेन । उच्च मुद्रास्फीति र न्यून व्यावसायिक विश्वासले उद्योगका लागि कठिन परिस्थिति उत्पन्न गरिदिएको छ । राज्यको वास्तविक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर केवल ३.५ प्रतिशत रह्यो । प्रतिकूल मौसमको प्रभावले गर्दा कृषि क्षेत्रमा ४.१ प्रतिशतको नगण्य वृद्धि मात्र हासिल हुन सकेका कारण कुल गार्हस्थ्य उत्पादन वृद्धिदरमा कमी आएको हो । यस अवधिमा औद्योगिक एवं उत्पादन र सेवाक्षेत्रहरूमा क्रमश: १.४ र ३.६ प्रतिशतको वृद्धिदर हासिल भएको छ, जुन गत वर्ष क्रमश: ३.९ प्रतिशत र ६.३ प्रतिशत रहेको थियो ।

कतिपय सूचकाङ्कहरु भने समीक्ष वर्षमा सन्तोषजनक अवस्थामा रहेका छन् । आर्थिक वर्ष २०६७/६८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ९.६ प्रतिशतमा रहेको छ । आर्थिक वर्ष २०६६/६७ मा समेत यस्तो मुद्रास्फीति ९.६ प्रतिशत नै रहेको थियो । समीक्ष वर्षमा पनि अघिल्लो वर्ष झैं खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १४.७ प्रतिशतको उच्च दरले वृद्धि भए पनि गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ५.४ प्रतिशतले मात्र वृद्धि भएकोले समग्रमा गत वर्ष कायम वार्षिक औसत उपभोक्ता मुद्रास्फीति दरमा कुनै परिवर्तन नआई समान बिन्दुमा रहन गएको हो ।

आर्थिक वर्ष २०६७/६८ मा निर्यात व्यापारमा सुधार भएको र आयातको वृद्धिदरमा उल्लेख्य कमी आएकाले विगत दश वर्षमा पहिलो पटक निर्यातको वृद्धिदरले आयातको वृद्धिदरलाई उछिनेको छ । फलस्वरूप, व्यापार घाटाको वृद्धिदरमा उल्लेख्य कमी आएको छ । समीक्ष वर्षमा विगतको तुलनामा बाह्य

व्यापारमा भारतले करिब दुई तिहाइ हिस्सा ओगटेको छ ।

अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली कामदारहरूको बढ्दो मागसँगै विश्वव्यापी आर्थिक मन्दीबाट नराम्रोसँग प्रभावित बनेको वैदेशिक रोजगारीको क्षेत्रमा सुधारको संकेत देखापरेको छ । फलस्वरूप, विप्रेषण आप्रवाह ९.४ प्रतिशतले वृद्धि भई आ.व. २०६७-६८ मा हालसम्मकै उच्च रु. २०५ अर्ब पुग्यो ।

पश्चिमी मुलुकहरूमा तीन वर्ष अगाडि देखिएको वित्तीय संकटले विश्वभरिका विकसित र विकासोन्मुख दुवै खाले मुलुकहरूलाई आफ्नो चपेटामा पार्दै गएकोले विश्वव्यापी उत्पादन प्रक्षेपणमा संकुचन आएको छ ।

नेपाल विश्वको आर्थिक र वित्तीय प्रणालीको नगण्य हिस्सा भए तापनि विप्रेषण आप्रवाहमा भएको न्यूनदरको वृद्धि, ओरालो लागेको पर्यटन क्षेत्र, वैदेशिक सहायतामा आएको ह्रास र औद्योगिक उत्पादनको मागमा आएको कमी जस्ता निराशाजनक परिसूचकहरूलाई हेर्दा नेपालको अर्थतन्त्रले पनि अलग्गै किसिमले विश्वव्यापी वित्तीय संकटको असर बेहोर्नुपरेको देखिन्छ । उल्लिखित पक्षहरूमध्ये अघिल्ला तीन पक्षहरूमा हुन जाने कमीले केवल गरिबी निवारण तथा विकास निर्माणसम्बन्धी कार्यहरूमा असर पार्ने भए तापनि नेपाली औद्योगिक उत्पादनको मागमा विश्वव्यापी मन्दी छाउनाले भने आर्थिक विकासको दरमा नै प्रत्यक्ष चाप पर्न सक्ने देखिन्छ । यद्यपि, विप्रेषण आप्रवाहका साथै पर्यटन व्यवसायको क्षेत्रमा केही सुधारको संकेत भने देखापरेको छ ।

## १.२ बैंकिङ्ग उद्योग :

मन्द गतिमै भए तापनि, बैंकिङ्ग उद्योगले भौगोलिक र संख्यात्मक रूपमा विस्तारित हुने क्रमलाई समीक्ष वर्षमा समेत जारी नै राख्यो । "क" वर्गका ३१ वाणिज्य बैंकहरू, "ख" वर्गका ८७ विकास बैंकहरू र "ग" वर्गका ७९ वित्त कम्पनीहरू तथा वित्तीय मध्यस्थकर्ताहरू हाल संचालनमा रहेका छन् । वि.सं. २०६७ को अन्त्यमा बैंकका शाखाहरूको संख्या ९६६ रहेकोमा समीक्ष वर्षको अन्त्यसम्ममा उल्लेखनीय वृद्धि भई १,१११ पुग्यो ।

सम्पत्तिको कृत्रिम मूल्यवृद्धिको कारणले सृजित त्रासले गर्दा नियामक निकायले घरजग्गामा गरिने ऋण लगानीका लागि आफ्ना निर्देशनहरूमा कठोरता अपनाएको भए तापनि पछि आएर ती निर्देशनहरूमा केही खुकुलो पारियो ।

मुलुकको दोस्रो बजारमा समेत वर्षभरि नै गम्भीर गिरावट देखा पऱ्यो । नेप्से सूचकाङ्कमा आएको भारी गिरावटका कारणले गर्दा सूचीकृत कम्पनीहरूको बजार पूँजीकरणमा (खास गरेर वित्तीय क्षेत्र) १४.१७ प्रतिशतले गिरावट आई २०६८ आषाढमासान्तमा रु. ३२३.४ अर्बमा रहन गयो, जुन अघिल्लो आ. व. को अन्त्यमा रु. ३७६.८ अर्ब रहेको थियो ।

तरलता संकटले बैंकिङ्ग उद्योगलाई चिन्तित बनाउने क्रम आ.व. को पहिलो ६ महिनासम्म जारी रह्यो । फलस्वरूप, दीर्घकालीन र अल्पकालीन ब्याजदर बढ्न गयो । उच्च मुद्रास्फीति र तरलतामा

देखिएको संकुचनको कारणले निक्षेप परिचालन चुनौतीपूर्ण रह्यो । तथापि, आर्थिक वर्षका पछिल्ला महिनाहरूमा बैंकिङ्ग प्रणालीमा निक्षेप वृद्धि भएपश्चात् भने तरलतामा केही सुधारको संकेत देखिएको छ ।

अघिल्लो आ.व. मा भएको रु. ६८.७ अर्बको वृद्धिको तुलनामा आ.व. २०६७/६८ मा वाणिज्य बैंकहरूको निक्षेप परिचालन रु. ५७.३ अर्बले मात्र वृद्धि भयो । त्यसैगरी, कर्जा र लगानीको क्षेत्रमा पनि अघिल्लो आ. व. मा भएको रु. ६७.६ अर्बको वृद्धिको तुलनामा यस आ. व. मा रु. ५६.९ अर्बले मात्र वृद्धि भयो । धेरै बाधा व्यवधान हुँदाहुँदै पनि बैंकिङ्ग उद्योग अन्य सूचकांकका अतिरिक्त आफ्नो नाफाको अनुपातलाई समेत उच्चतम कायम राख्न सफल भएको छ ।

## १.३ बैंकिङ्ग उद्योगलाई प्रभावित पार्ने अन्य पक्षहरू

मौद्रिक नीति २०६७/६८ ले वाणिज्य बैंकहरुको लागि वैधानिक तरलता अनुपात १५ प्रतिशत कायम गरेको छ, जुन यसअघि ८ प्रतिशत रहेको थियो । उक्त १५ प्रतिशतको तरलता अनुपातभित्र ५.५ प्रतिशतको नगद मौज्दात अनुपातसमेतलाई समेटिएको छ । यस व्यवस्थाले सरकारी धितोपत्रमा गरिएको लगानी, ढिकुटीमा रहेको नगद, अनिवार्य नगद मौज्दात र सोभन्दा बढीको तरलतासमेतलाई वैधानिक तरलता अनुपातमा गणना गर्न सकिने गरी परिभाषित गरेको छ । उक्त व्यवस्थाले समग्रमा बैंकहरुको वित्तीय सक्षमता सुनिश्चित गर्नमा र खास गरी तरलतालाई सुदृढ गर्ने कार्यमा सघाउ पुऱ्याउने भए तापनि बैंकहरूले सरकारी धितोपत्रमा बाध्यात्मक रूपमा लगानी वृद्धि गर्नुपर्ने भएकाले कर्जा विस्तारमा भने केही संकुचन पैदा हुन सक्ने देखिन्छ ।

यसै आ. व. मा नेपाल राष्ट्र बैंकले देशको वित्तीय क्षेत्रको सशक्तिकरणका लागि बहुप्रतीक्षित बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिनेसम्बन्धी विनियमावली जारी गऱ्यो । यो विनियामावलीले बैंक तथा वित्तीय संस्थाहरूको एकीकरणको कार्यलाई तीव्र पार्ने अनुमान गरिएको छ । नेपाल राष्ट्र बैंकले जारी गरेको उक्त विनियमावलीले बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धमा उदार नीति अवलम्बन गरेको छ । जसअन्तर्गत, नेपाल राष्ट्र बैंकले एक आपसमा गाभिने बैंकहरूका लागि शाखा विस्तार, एकल ग्राहक कर्जा सीमा, विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जासम्बन्धी व्यवस्था, संचालन क्षेत्रको विस्तार र पूँजी पर्याप्तता अनुपात कायम गर्नेसम्बन्धी प्रावधानहरूलाई केही खुकुलो समेत पारिदिएको छ ।

## २. हाम्रो सफलताको मापन

समीक्ष वर्षमा मुलुकको समग्र आर्थिक परिवेश प्रतिकूल रहेको र बैंकिङ्ग बजारसमेत चरम प्रतिस्पर्धाबाट गुज्रन पुगेको भएतापनि समग्र कार्य सम्पादनमा सुधार गर्न बैंक सफल भयो । बैंकले देशका प्रमुख बैंकहरूमध्येको एउटा बैंकको रूपमा लगातार आफ्नो पहिचान स्थापित गर्दै आइरहेको छ । साथसाथै बैंक मुनाफामुखी र वित्तीय रूपमा सशक्त बैंकहरू मध्येमा समेत पर्दछ ।

रु. दश लाखमा

| वार्षिक परिणामहरू | आर्थिक वर्ष | | वृद्धि | |
|---|---|---|---|---|
| | २०६७–६८ | २०६६–६७ | परिमाण | प्रतिशत |
| कुल संचालन आम्दानी | १,४२१ | १,१०७ | ३१४ | २८.३६ |
| संचालन मुनाफा | ६७४ | ५७० | १०४ | १८.२५ |
| खूद मुनाफा | ४६५ | ३९२ | ७३ | १८.६२ |
| आयकर व्यवस्था (चालु वर्ष) | २०७ | १८३ | २४ | १३.११ |

रु. दश लाखमा

| वर्ष अन्त्यको स्थिति | आर्थिक वर्ष | | वृद्धि | |
|---|---|---|---|---|
| | २०६७–६८ | २०६६–६७ | परिमाण | प्रतिशत |
| शेयरधनी कोष | २,८७० | २,४४१ | ४२९ | १७.५७ |
| निक्षेप | ४२,४१५ | ३४,८९६ | ७,५१९ | २१.५५ |
| कुल कर्जा तथा सापटी | २१,७१९ | १७,९६४ | ३,७५५ | २०.९० |
| कुल लगानी | १८,९११ | १६,३०६ | २,६०५ | १५.९८ |
| कुल सम्पत्ति | ४६,०८८ | ३८,०४८ | ८०४० | २१.१३ |

| प्रतिशेयर सूचना (रु.) | आर्थिक वर्ष | | वृद्धि | |
|---|---|---|---|---|
| | २०६७–६८ | २०६६–६७ | परिमाण | प्रतिशत |
| प्रतिशेयर आम्दानी | २४.८५ | २३.६९ | १.१६ | ४.९० |
| प्रतिशेयर लाभांश (बोनससमेत) | १७.५८ | १७.५० | – | – |
| वर्षको अन्त्यमा प्रचलित बजार मूल्य | ५६५ | ७४१ | –१७६ | –२३.७५ |
| वर्षको अन्त्यमा प्रचलित किताबी मूल्य | १५३.५१ | १४७.६१ | ५.९० | ४.०० |

| वित्तीय अनुपातहरू | आर्थिक वर्ष | | वार्षिक |
|---|---|---|---|
| | २०६७–६८ | २०६६–६७ | परिवर्तन |
| शेयरधनीहरूलाई पूँजी लगानीबापतको प्रतिफल (%) | १६.१९ | १६.०५ | ०.१४ |
| खूद स्थिर सम्पत्तिमा प्रतिफल (%) (खुद नाफा/खुद स्थिर सम्पत्ति) | १११.४१ | ९३.६६ | १७.७५ |
| मूल्य आम्दानी अनुपात (गुणाङ्कमा) (प्राइस् अर्निङ्ग अनुपात) | २२.७४ | ३१.२८ | (८.५४) |
| ब्याज आम्दानी र कर्जा तथा सापटी बीचको अनुपात (%) | ११.२४ | ९.८० | १.४४ |

| पूँजीकोष अनुपात | आर्थिक वर्ष | |
|---|---|---|
| | २०६७–६८ | २०६६–६७ |
| जोखिम भारित सम्पत्तिमा पुँजीकोषको पर्याप्तता (%) | | |
| - प्राथमिक पूँजी | १०.३२ | १०.८९ |
| - पूरक पूँजी | १.२० | १.३६ |
| - कुल पूँजीकोष | ११.५२ | १२.२५ |
| निष्कृय कर्जा (निष्कृय कर्जा/कुल कर्जा) % | १.१० | १.४८ |

## ३. संस्थागत नागरिक :

### आचारसंहिता :

संस्थागत सुशासनसम्बन्धी ने. रा. बैं. ले जारी गरेको मार्गदर्शन बैंकले पूर्णरूपमा पालना गर्ने गरेको छ । बैंकका सबै संचालक र कर्मचारीहरूले ने. रा. बैं. को आचारसंहिताको पूर्ण रूपले पालना गरेका छन् । बैंकले संचालकसमितिका सबै सदस्यहरू, व्यवस्थापन टोली र सबै तहका कर्मचारीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने छुट्टै आचारसंहिताको तर्जुमा र कार्यान्वयनसमेत गरेको छ ।

### आन्तरिक नियन्त्रण प्रणाली :

बैंकको संचालनका विभिन्न क्षेत्रमा पर्याप्त रूपमा आन्तरिक नियन्त्रणका उपायहरूलाई अवलम्बन गरिएको छ । आन्तरिक लेखापरीक्षकको नेतृत्वमा लेखापरीक्षणसमितिप्रति सोझै उत्तरदायी रहने गरी बैंकमा एक आन्तरिक लेखापरीक्षण विभाग रहेको छ, जसले नेपाल राष्ट्र बैंकका विभिन्न निर्देशनहरूको पालना भए नभएको कुराको निगरानी राख्नेसमेतको जिम्मेवारी निर्वाह गर्ने गर्दछ । गैर कार्यकारी निर्देशकको नेतृत्वमा रहने बैंकको लेखापरीक्षणसमितिले बैंकको वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरूलाईसमेत समीक्षा गर्दछ र आवश्यक निर्देशनको व्यवस्था गर्दछ ।

### जोखिम व्यवस्थापन :

बैंकिङ्ग व्यवसायमा जोखिम व्यवस्थापन प्रक्रियालाई एउटा आधारभूत र अत्यावश्यक प्रक्रियाको रूपमा स्वीकार गर्दै, उतारचढावयुक्त आर्थिक वातावरणमा बैंक संचालन भइरहेको अवस्थामा जोखिम मूल्यांकनलाई बढी जोड दिइएको छ । बैंकिङ्ग क्रियाकलापका सम्पूर्ण क्षेत्रमा बैंकले आफ्नो जोखिम व्यवस्थापन संरचनाको बृहत् र विस्तारित मूल्याकंन गर्ने र एकल प्रक्रियालाई अङ्गीकार गर्ने गरेको छ ।

बैंकले आन्तरिक पूँजी पर्याप्तता मूल्यांकन कार्यविधि (आइक्याप) को पालना गर्नुका साथसाथै कर्जा जोखिम, बजार जोखिम, संचालन जोखिम व्यवस्थापनका सम्बन्धमा छुट्टै नीतिहरूसमेत तर्जुमा गरेको छ । यी नीतिअन्तर्गत आइक्याप समीक्षा समिति, कर्जा जोखिम व्यवस्थापन समिति, बजार जोखिम व्यवस्थापन समिति र संचालन जोखिम व्यवस्थापन समिति गरी चार जोखिम व्यवस्थापन समितिको गठन गरिएको छ ।

### संस्थागत सामाजिक उत्तरदायित्वः

बैंकले आफू समुदायको विकासको एक हिस्सेदार भएको नाताले संस्थागत सामाजिक उत्तरदायित्वलाई आफ्नो अत्यावश्यक कार्यको रूपमा लिनुपर्ने दृष्टिकोणलाई निरन्तरता दिएको छ । बैंक केवल आफ्नो व्यवसाय र मुनाफाको आधार बढाउनेतर्फ मात्र सचेत छैन, आफूले व्यवसाय संचालन गरी मुनाफा आर्जन गर्ने समाजसँगको आफ्नो उत्तरदायित्वप्रति पनि उत्तिकै सचेत छ । मानव जीवनका प्रत्येक पाइलामा विशेषगरी समाजका कमजोर र पिछडिएको वर्ग/सुविधा विमुखहरूलाई सहयोगको हात बढाउन यहाँहरूको बैंकले सदैव आफ्नो तत्परता देखाउँदै आएको छ । यस आर्थिक वर्षमा सामाजिक जीवनका विभिन्न क्षेत्र शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण आदिसँग सम्बद्ध विभिन्न व्यक्ति, समूह, संस्थाहरूलाई बैंकले एक्लै वा अन्य संस्थाहरूसँगको साझेदारीमा सहयोग गर्‍यो ।

## ४. मुनाफाको आर्जन र वितरण :

संचालकसमितिले आ. व. २०६८ आषाढमासान्तसम्म आर्जित मुनाफालाई देहायबमोजिम बाँडफाँडका लागि सिफारिश गरेको छ ।

रु. हजारमा

| | विवरणहरू | आर्थिक २०६७-६८ | वर्ष २०६६-६७ |
|---|---|---|---|
| | आम्दानी | | |
| १. | गत वर्षसम्मको संचित मुनाफा | ४,२४९ | ३,८४९ |
| २. | चालु वर्षको मुनाफा | ४६४,५६५ | ३९१,७४२ |
| ३. | गत वर्षसम्मको पूँजी समायोजन कोषमा रहेको संचित रकम | ५०,००० | ६५,००० |
| | जम्मा | ५१८,८१४ | ४६०,५९१ |
| | खर्च | | |
| १. | साधारण जगेडाकोष | ९२,९१३ | ७८,३४८ |
| २. | प्रस्तावित लाभांश (५%) | ९३,४६५ | ८३,०८० |
| ३. | प्रस्तावित बोनस शेयर(१२.५%) | २३३,६६३ | २०७,७०० |
| ४. | सटही घटबढ कोष | ७९ | |
| ५. | पूँजी समायोजन कोष | ३०,००० | ५०,००० |
| ६. | लगानी समायोजन कोष | २४,५७२ | ६४२ |
| ७. | ६% नेपाल एसबिआई बैंक लि. ऋणपत्र २०७० फिर्ता कोष | २८,५७१ | २८,५७१ |
| ८. | स्थगन कर कोष | १२,६९९ | ८,००० |
| | जम्मा | ५१५,९६३ | ४५६,३४२ |
| ९. | सञ्चित मुनाफा/(नोक्सान) | २,८५२ | ४,२४९ |

## ५. लेखापरीक्षकको नियुक्ति :

आ. व. २०६७/६८ को लेखापरीक्षण कार्य मेशर्स पि. एल. श्रेष्ठ एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्बाट सम्पन्न भयो । बैंकको लेखापरीक्षण समितिको सिफारिसका आधारमा बैंकको संचालक समितिले मेशर्स टि. आर. उपाध्याय एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्सलाई आ. व. २०६८/६९ को लेखापरीक्षणका लागि बैंकको लेखापरीक्षकको रूपमा नियुक्त गर्न सिफारिस गरेको छ ।

## ६. संचालक समितिमा परिवर्तन :

श्री प्रतीप चौधुरी एस.बि.आई. को कार्यकारी अध्यक्षमा नियुक्त हुनुभए पछि उहाँको स्थानमा एस.बि.आई. का तर्फबाट श्री एच.जी.कान्ट्रेक्टर संचालक मनोनीत हुनुभएको छ । यसैगरी बैंकको संचालकसमितिमा सर्वसाधारण शेयरधनीहरूलाई प्रतिनिधित्व गर्ने दुई संचालकहरू (श्री बालकृष्ण श्रेष्ठ र श्री मनोज कुमार अग्रवाल) को कार्यकाल समाप्त भई बैंकको १७ औं वार्षिक साधारण सभामा संचालकको निर्वाचन सम्पन्न गरिएकोमा उक्त निर्वाचनबाट श्री निरञ्जन कुमार टिवरेवाला र श्री मनोज कुमार अग्रवाल रिक्त दुई संचालक पदमा क्रमशः नवनिर्वाचित तथा पुनःनिर्वाचित हुनुभएको छ। उक्त निर्वाचन परिणाम कै फलस्वरूप रिक्त हुन गएको संचालकसमितिको अध्यक्ष पदमा संस्थापक कर्मचारी संचयकोषलाई प्रतिनिधित्व गर्ने संचालक श्री हशना शर्मा नियुक्त हुनुभएको छ । यसैगरी एस.बि.आई. को तर्फबाट प्रबन्ध संचालकमा नियुक्त हुनुभएका श्री एन. के. चारी आफ्नो चार वर्षे कार्यकाल पूरा गरी हालै भारत फिर्ता जानुभएपश्चात उहाँको स्थानमा श्री आलोक कुमार शर्मा नियुक्त हुनुभएको छ। यस अवसरमा संचालक समितिको तर्फबाट बैंक संचालकसमितिका भूतपूर्व अध्यक्ष श्री बालकृष्ण श्रेष्ठ, भूतपूर्व संचालक श्री प्रतीप चौधुरी र निवर्तमान प्रबन्धसंचालक श्री एन.के.चारीले बैंकको कामकारबाहीलाई मार्गदर्शन गर्न आफ्नो कार्यकालमा पुऱ्याउनु भएको योगदानको उच्च प्रशंसा गर्दै श्री एच.जी.कान्ट्रेक्टर, श्री निरञ्जनकुमार टिवरेवाला र श्री आलोक कुमार शर्मालाई बैंकको नवनियुक्त संचालकको रूपमा हार्दिक स्वागत गर्न चाहन्छु ।

## ७. अन्य सूचना तथा जानकारी:

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) बमोजिम संचालकको प्रतिवेदनमा उल्लेख गरिनुपर्ने अन्य विषयवस्तुहरूलाई यसै प्रतिवेदनको अनुसूचीको रूपमा राखिएको छ । यसका अतिरिक्त, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ लगायत अन्य कानूनी प्रावधानहरूमा व्यवस्था भएबमोजिम अन्य आवश्यक विवरण तथा जानकारीका साथै बैंकको आ.व. २०६७/६८ को संचालन र वित्तीय अवस्था सम्बद्ध विस्तृत विवरणलाई बैंकको १८ औं वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

## ८. भविष्यका योजना एवं चुनौती:

विगतमा भएका विभिन्न प्रयासहरूको फलस्वरूप आज हामी नेपाली बैंकिङ्ग क्षेत्रमा एउटा दरिलो संस्थाका रूपमा स्थापित भएका छौं । विगत केही वर्ष यता हामीले समग्र उद्योगको कार्य प्रगतिका प्रमुख सूचकांकहरूमा औसतभन्दा राम्रो उपलब्धि हासिल गरिरहेका छौं र उक्त उपलब्धिलाई कायम राख्दै आगामी दिनहरूमा अझ राम्रो नतिजा हासिल गर्नेतर्फ क्रियाशील हुनु हाम्रो प्रयत्न हुनेछ। बैंकका व्यावसायिक इकाइहरूको संख्या ई.सं. २००८ मा २० रहेकोमा ई.सं. २०११ को अन्त्यसम्ममा ५६ पुग्नेछन् । आफ्नो कार्यक्षेत्रमा भएको यो विस्तारसँगै बैंकले मौजुदा क्षमतामा थप सशक्तिकरण गरी अगाडि बढ्नुपर्ने खाँचो पैदा भएको छ। यसै क्रममा, हामीले विराटनगर र नेपालगञ्जमा दुईवटा क्षेत्रीय कार्यालयहरूसमेत खोलिसकेका छौं ।

निक्षेपमा भुक्तानी दिइनुपर्ने ब्याजदर वृद्धि हुने क्रम जारी रहेका कारण ब्याज अन्तर (स्प्रेड) दरलाई जोगाई राख्ने कार्य भविष्यमा चुनौतीपूर्ण बन्ने अनुमान गरिएको छ। बैंकहरूले मुद्दती निक्षेपमा आकर्षक ब्याज दिने गरेका कारण साधारण बचत र चल्ती खातामार्फत प्राप्त हुने निक्षेपमा कमी आउने हुँदा

बैंकहरूको कोष लागत थप बढ्न जाने देखिन्छ। समीक्ष आ. व. को अन्त्यपश्चात तरलतामा केही सुधार आएको भएतापनि लगानीका लागि सम्भाव्य आयोजनाको अभावमा नाफामूलक क्षेत्रहरूमा लगानी वृद्धि गर्नु अर्को चुनौतीपूर्ण कार्य बनेको छ । यही परिस्थितिका कारण आगामी त्रैमासिकहरूमा बैंकहरूको मुनाफा प्रभावित हुन सक्ने देखिन्छ। एशियाली अर्थतन्त्रमा विश्वका अन्य महादेशहरूको तुलनामा द्रुत गतिमा आर्थिक वृद्धि भइरहेको हुँदा नेपाली कामदारहरूको मागमा वृद्धि हुने क्रम जारी रहने भएका कारण विप्रेषण आप्रवाहमा समेत बढोत्तरी आउने अनुमान गरिएको छ। यही अवसरलाई सदुपयोग गर्ने उद्देश्यले हामीले मध्यपूर्वका देशहरूलाई लक्षित गरी वेबमा आधारित विप्रेषण सेवाको सुरुवात गरेका छौं र उक्त सेवालाई प्रवासी नेपालीहरूको बाहुल्य रहेका अन्य देशहरूमा समेत क्रमशः विस्तार गर्दै लाने लक्ष्य लिइएको छ।

प्रस्तावित बासल थ्रि सन् २०१५ भित्र विश्वभर लागू हुने परिप्रेक्ष्यमा बैंकहरूको पूँजीगत अवस्थामा थप वृद्धि गर्नुपर्ने खाँचो नजिकिँदै गएको छ। नेपाल राष्ट्र बैंकले नयाँ बैंक खोल्न इजाजत दिने कुरालाई निरुत्साहित गर्नसमेत बैंकहरुले कायम राख्नुपर्ने न्यूनतम पूँजीलाई अझ बढाउनुपर्ने प्रावधान ल्याउन सक्ने देखिन्छ। नेपाली पूँजी बजारका मुख्य क्रियाकलापलाई हेर्दा खासगरी बहुसंख्यक बैंकहरूले एकैपटक पूँजी संकलन गर्नुपर्दाको समयमा प्राथमिक बजारबाट पूँजी संकलन गर्ने कार्य चुनौतीपूर्ण हुने अनुमान गरिएको छ।

विगतमा काठमाडौं र पोखरामा खोलिसकिएका दुईवटा प्रशिक्षण केन्द्रहरूका अतिरिक्त हामीले यस वर्ष क्षेत्रीय कार्यालय विराटनगर र नेपालगञ्जमा थप दुईवटा प्रशिक्षण केन्द्रहरूको स्थापना गरिसकेका छौं । यी प्रशिक्षण केन्द्रहरू कर्मचारीहरूलाई उनीहरुरूले सम्पादन गर्नुपर्ने कार्यसँग सम्बन्धित विविध विषयहरूमा समसामयिक ज्ञान, सीप प्रदान गर्नेतर्फ लक्षित छन्।

ग्राहकहरूको संख्यामा थप वृद्धि गरी आफ्ना सेवाहरूलाई अझ सर्वसुलभ रूपमा उपलब्ध गराउँदै आफ्नो वृद्धिको रफ्तारलाई अझ सशक्त ढंगले अगाडि बढाउने हाम्रो अपेक्षा रहेको छ । एउटा विवेकशील, सर्वसुलभ र भरपर्दो वित्तीय संस्थाको रूपमा स्थापित बैंकको संस्थागत छवि र मजबुत पहिचान (ब्राण्ड भ्यालु) लाई निरन्तर कायम राख्नेतर्फ हामी सदैव क्रियाशील रहनेछौं।

## ९. धन्यवाद ज्ञापनः

अन्त्यमा, बैंकलाई प्रदत्त उचित मार्गदर्शन एवं सहयोगकालागि नेपाल राष्ट्र बैंक तथा अन्य सरकारी एवं नियामक निकायहरू, सेवा गर्ने अवसर प्रदान गर्नुहुने समस्त ग्राहकवर्ग तथा शेयरधनी, बैंकलाई निरन्तर रूपमा प्राप्त सहयोगका लागि व्यावसायिक सेवा प्रदायकहरू र बैंकप्रतिको समर्पित सेवा, इमान्दारी एवं अथक परिश्रमको लागि बैंकका कर्मचारीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।
यहाँहरूको विचार र सुझावहरूको हामी सदैव स्वागत गर्दछौं।
धन्यवाद।

# वासलात

२०६८ आषाढ ३२

| | पूँजी तथा दायित्व | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १ | शेयर पूँजी | २,१०२,९६६,१६५ | १,८६१,३२४,२३९ |
| २ | जगेडा तथा कोषहरू | ७७६,३२६,९८५ | ५८९,२२९,८३१ |
| ३ | ऋणपत्र तथा बण्ड | २००,०००,००० | २००,०००,००० |
| ४ | तिर्न बाँकी कर्जा सापट | – | – |
| ५ | निक्षेप दायित्व | ४२,४१५,४४३,२९४ | ३४,८९६,४२४,२०१ |
| ६ | भुक्तानी दिनुपर्ने बिलहरू | ८०,६८५,३३७ | ७२,३६८,२२९ |
| ७ | प्रस्तावित लाभांश | ९३,४६५,१६३ | ८३,०८०,१४५ |
| ८ | आयकर दायित्व | – | – |
| ९ | अन्य दायित्व | ४१९,३४७,०३१ | ३४५,२५२,८२० |
| | कुल पूँजी तथा दायित्व | ४६,०८८,२३३,९७५ | ३८,०४७,६७९,४६५ |

| | सम्पत्ति | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १ | नगद मौज्दात | १,००७,६८८,४९९ | ८१५,६७९,६२४ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,३३०,९२७,२१७ | १,८४२,८०२,२३९ |
| ३ | बैंक वित्तीय संस्थामा रहेको मौज्दात | १,५३९,२१०,१४२ | ७८२,७७९,६१४ |
| ४ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – |
| ५ | लगानी | १८,९११,०२१,५२० | १६,३०५,६३२,८१५ |
| ६ | कर्जा सापट तथा बिल खरिद | २१,३६५,७७१,१२९ | १७,४८०,५४८,१९४ |
| ७ | स्थिर सम्पत्ति | ४१७,००२,५३० | ४१८,२४४,७६० |
| ८ | गैर बैंकिङ्ग सम्पत्ति | – | – |
| ९ | अन्य सम्पत्ति | ५१६,६१२,९३८ | ४०१,९९२,२१९ |
| | कुल सम्पत्ति | ४६,०८८,२३३,९७५ | ३८,०४७,६७९,४६५ |

मधुकर आनन्द
प्रमुख संचालन अधिकृत

एन. के .चारी
प्रबन्ध संचालक

हसना शर्मा
अध्यक्ष

मनोज कुमार अग्रवाल
संचालक

निरञ्जन कुमार टिवरेवाला
संचालक

मोहनराज जोशी
विशेषज्ञ संचालक

एच. जी. कान्ट्रेक्टर
संचालक

आर. पी. सिंह
संचालक

एस. के. भट्टाचार्य
संचालक

पि.एल.श्रेष्ठ, एफसिए
पि.एल.श्रेष्ठ एण्ड कम्पनी,
चार्टर्ड एकाउण्टेण्टस्

# नाफा-नोक्सान हिसाब

२०६७ श्रावण १ देखि २०६८ आषाढ ३२ सम्म

| | विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| १ | ब्याज आम्दानी | ३,१०४,२३१,८०७ | २,२६९,७०४,२९१ |
| २ | ब्याज खर्च | २,०९६,०३८,३७९ | १,४४३,६९३,५७३ |
| | खुद ब्याज आम्दानी | १,००८,१९३,४२८ | ८२६,०१०,७१८ |
| ३ | कमिशन तथा डिस्काउण्ट | २४७,१६४,७६४ | १३१,६९२,१४९ |
| ४ | अन्य सञ्चालन आम्दानी | ९५,१७२,६५८ | ७८,७९६,६६२ |
| ५ | सटही घटबढ आम्दानी | ७०,५३२,७२० | ७०,३२८,२४७ |
| | कुल सञ्चालन आम्दानी | १,४२१,०६३,५७० | १,१०६,८२७,७७६ |
| ६ | कर्मचारी खर्च | २५५,४३०,२८५ | १३०,३३६,५३६ |
| ७ | अन्य सञ्चालन खर्च | ४४५,०७२,७२२ | ३४३,८५०,२६६ |
| ८ | सटही घटबढ नोक्सान | - | - |
| | सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | ७२०,५६०,५६३ | ६३२,६४०,९७४ |
| ९ | सम्भावित नोक्सानी व्यवस्थाहरू | ४६,३०८,१५२ | ६२,३५०,५४४ |
| | सञ्चालन मुनाफा | ६७४,२५२,४११ | ५७०,२९०,४३० |
| १० | गैरसञ्चालन आम्दानी/खर्च | ३,११३,७६५ | २,५५२,८९२ |
| ११ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १७९,१२२,१५८ | ५६,६२१,२७६ |
| | नियमित कारोबारबाट भएको मुनाफा | ८५६,४८८,३३४ | ६२९,४६४,५९८ |
| १२ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | (१३७,६७२,६२८) | (३७,२६६,०००) |
| | सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा | ७१८,८१५,७०६ | ५९२,१९८,५९८ |
| १३ | कर्मचारी बोनस व्यवस्था | ६५,३४६,८८२ | ५३,८३६,२३६ |
| १४ | आयकर व्यवस्था | १८८,९०३,८२५ | १४६,६२०,२४३ |
| | यस वर्षको कर व्यवस्था | २०६,५३१,४७५ | १८३,०१५,३५० |
| | विगत वर्षसम्मको कर व्यवस्था | (४,९२८,४८४) | (२८,३९५,५६५) |
| | यस वर्षको स्थगन कर आम्दानी/खर्च | (१२,६९९,१६६) | (७,९९९,५४२) |
| | खुद नाफा/नोक्सान | ४६४,५६४,९९९ | ३९१,७४२,११९ |

मधुकर आनन्द
प्रमुख संचालन अधिकृत

एन. के .चारी
प्रबन्ध संचालक

हसना शर्मा
अध्यक्ष

मनोज कुमार अग्रवाल
संचालक

निरञ्जन कुमार टिवरेवाला
संचालक

मोहनराज जोशी
विशेषज्ञ संचालक

एच. जी. कान्ट्रेक्टर
संचालक

आर. पी. सिंह
संचालक

एस. के. भट्टाचार्य
संचालक

पि.एल.श्रेष्ठ, एफसिए
पि.एल.श्रेष्ठ एण्ड कम्पनी,
चार्टर्ड एकाउण्टेण्टस्

# नगद प्रवाह विवरण

२०६७ श्रावण १ देखि २०६८ आषाढ ३२ सम्म

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| क) कारोबार सञ्चालनबाट नगद प्रवाह | १,५०६,८३५,६७० | १,८८४,३४४,९२६ |
| १. नगद प्राप्ति | ३,४७२,१६३,५२२ | २,५३३,३७९,०८६ |
| १.१ ब्याज आम्दानी | ३,०५५,२२२,६७५ | २,२४२,४४७,६१३ |
| १.२ कमिशन तथा डिस्काउण्ट आम्दानी | २४७,१६४,७६४ | १३१,६९२,१४९ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | ७०,२१६,६८६ | ७३,०२९,५९३ |
| १.४ अपलेखित कर्जाको असुली | – | ७,०८२,००० |
| १.५ अन्य आम्दानी | ९९,५५९,३९७ | ७९,१२७,७३१ |
| २. नगद भुक्तानी | २,८७७,३१८,०९८ | २,०१९,६४५,९४९ |
| २.१ ब्याज खर्च | २,०८२,९६३,६०४ | १,४३८,९०१,७९८ |
| २.२ कर्मचारी खर्च | २०७,९३०,५८४ | १२०,३६७,४१० |
| २.३ कार्यालय सञ्चालन खर्च | ३४४,५८७,६७४ | २५८,७५१,०५६ |
| २.४ आयकर भुक्तानी | १८८,०००,००० | १५७,३२२,५२६ |
| २.५ अन्य खर्च | ५३,८३६,२३६ | ४४,३०३,१५९ |
| कार्यगत पूँजी गतिविधिअघिको नगद प्रवाह | ५९४,८४५,४२४ | ५१३,७३३,१३७ |
| संचालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि) | (६,५४६,२५१,८१०) | (५,४५७,६०६,७६७) |
| १. माग तथा अल्पसूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | – | – |
| २. अन्य अल्पकालिन लगानीमा कमी/(वृद्धि) | (२,६०८,६२७,३०५) | (३,०१९,४५१,१५५) |
| ३. कर्जा तथा बिल्स खरिदमा कमी/(वृद्धि) | (३,८९३,३२२,१८०) | (२,३९८,८७७,५१८) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (४४,३०२,३२५) | (३९,२७८,०९४) |
| संचालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि | ७,४५८,२४२,०५६ | ६,८२८,२१८,५५६ |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | ७,५१९,०१९,०९३ | ६,९३९,२०३,४०७ |
| २. सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | – | – |
| ३. अल्पकालीन सापटीमा (कमी)/वृद्धि | – | – |
| ४. अन्य दायित्वमा (कमी)/वृद्धि | (६०,७७७,०३७) | (११०,९८४,८५१) |
| ख) लगानी कारोबारमा नगद प्रवाह | (१२८,२२६,५६७) | (२५३,८०७,२०४) |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | – | – |
| २. स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | (१३०,५६०,०९९) | (२५५,६०२,२२९) |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | – | – |
| ४. लाभांश आम्दानी | २,३३३,५३२ | १,७९५,०२५ |
| ५. अन्य | | – |

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह | ५७,६३९,२४४ | ६३६,९८५,२६३ |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेन्चर आदिमा) वृद्धि/(कमी) | – | – |
| २. शेयर पूँजीमा वृद्धि/(कमी) | ५७,६३९,२४४ | ६३६,९८५,२६३ |
| ३. अन्य दायित्वमा वृद्धि/(कमी) | – | – |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनः कर्जामा वृद्धि/(कमी) | – | – |
| घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च | ३१६,०३४ | (२,७०१,३४६) |
| ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | १,४३६,५६४,३८१ | २,२६४,८२१,६३९ |
| च) नगद तथा बैंकमा रहेको सुरु मौज्दात | ३,४४१,२६१,४७७ | १,१७६,४३९,८३८ |
| छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ४,८७७,८२५,८५८ | ३,४४१,२६१,४७७ |

मधुकर आनन्द
प्रमुख संचालन अधिकृत

एन. के .चारी
प्रबन्ध संचालक

हसना शर्मा
अध्यक्ष

मनोज कुमार अग्रवाल
संचालक

निरञ्जन कुमार टिवरेवाला
संचालक

मोहनराज जोशी
विशेषज्ञ संचालक

एच. जी. कान्ट्रेक्टर
संचालक

आर. पी. सिंह
संचालक

एस. के. भट्टाचार्य
संचालक

पि.एल.श्रेष्ठ, एफसिए
पि.एल.श्रेष्ठ एण्ड कम्पनी,
चार्टर्ड एकाउण्टेण्टस्

# कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमको थप विवरण

क) समीक्ष वर्षमा बैंकद्वारा कुनै शेयरहरू जफत भएको छैन ।

ख) बैंकले आर्थिक वर्ष २०६७/६८ मा सम्पन्न गरेका प्रमुख कारोबारहरू र त्यस अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तनः

बैंकले आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा उल्लिखित उद्देश्य एवं कार्यहरूअनुरूप नै आफ्नो कारोबार सम्पन्न गरेको थियो र बैंकको कार्यप्रगतिको झलक संचालकसमितिको प्रतिवेदनमा उल्लेख गरिसकिएको छ । समीक्ष वर्षमा बैंकले सम्पन्न गरेको कारोबारको प्रकृतिमा कुनै खास परिवर्तन आएको थिएन ।

ग) कम्पनी ऐन २०६३ ले गरेको व्यवस्थाअनुरूप समीक्ष वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरूबाट कुनै जानकारी प्राप्त भएको छैन ।

घ) समीक्ष आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा प्रमुख पदाधिकारीहरूले बैंकको कुनै शेयर लिएको जानकारी बैंकलाई प्राप्त भएको छैन । साथै प्रचलित कानूनको विपरीत हुने गरी निजहरूबाट बैंकको शेयरसम्बन्धमा कुनै कारोबारसमेत भएको छैन ।

ङ) विगत आर्थिक वर्षमा बैंकसँग सम्बद्ध सम्झौताहरूमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ रहेको बारेमा कुनै जानकारी प्राप्त भएको छैन ।

च) बैंकले हालसम्म आफ्नो कुनै पनि शेयर आफैंले खरीद गरेको छैन ।

छ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरणः

| क. सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | कर्मचारी खर्च | २५५,४३०,२८५ |
| २ | अन्य संचालन खर्च | ४४५,०७२,७२२ |

ज) लेखापरीक्षण समितिः

| समीक्ष आ. व. का लेखापरीक्षण समितिमा संलग्न पदाधिकारीहरूः | | |
|---|---|---|
| १ | श्री मनोजकुमार अग्रवाल, सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित संचालक | अध्यक्ष |
| २ | श्री मोहनराज जोशी, विशेषज्ञ संचालक | सदस्य |
| ३ | प्रबन्ध संचालकबाहेक एस. बि. आई. लाई प्रतिनिधित्व गर्ने एक संचालक | सदस्य |
| ४ | श्री सुदीप खनाल, आन्तरिक लेखापरीक्षक | सदस्य सचिव |

■ आ. व. २०६७/६८ मा सम्पन्न भएको समितिको बैठक संख्या - (७) सात

■ समितिका सदस्यलाई भुक्तानी दिइएको बैठकभत्ता :

एस.बि.आई. का संचालकबाहेक अरू संचालकहरूलाई - रु. ९६,०००/-
एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने संचालकलाई - शून्य ।

■ लेखापरीक्षण समितिले गरेका कार्यहरू :

- अन्य बैंकहरूको तुलनामा बैंकको वित्तीय अवस्थाको पुनरवलोकन ।
- बैंकको आन्तरिक लेखापरीक्षण विभागले गरेका कार्यहरूको सुपरिवेक्षण ।

- बैंक संचालनका विभिन्न क्षेत्रहरूसँग सम्बद्ध आन्तरिक नियन्त्रण कार्यहरूको पुनरवलोकन ।
- आन्तरिक लेखापरीक्षण कार्यक्रम तर्जुमा ।
- वाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकको निरीक्षण टोलीबाट दिइएका सुझावहरूको कार्यान्वयन स्थितिको पुनरवलोकन ।
- लेखापरीक्षकको नियुक्तिका लागि साधारणसभामा नाम सिफारिस गर्ने ।
- संचालक समितिसमक्ष पेश गरिने वित्तीय विवरणहरू ठीक दुरुस्त रहे-नरहेको सुनिश्चित गर्ने ।
- नोस्ट्रो खाताहरूको हिसाब मिलान अवस्थाको पुनरवलोकन गर्ने ।

झ) कुनै पनि संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले बैंकलाई कुनै पनि रकम बुझाउन बाँकी छैन ।

ञ) बैंकका सञ्चालक, प्रबन्ध संचालक तथा पदाधिकारीहरूलाई पारिश्रमिक, भत्ता तथा सुविधाको रूपमा तल लेखिएअनुसारको रकम भुक्तानी गरिएको थियो :

१) संचालक समितिका सदस्यहरूको भत्ता/सुविधा :

आर्थिक वर्ष २०६७/६८ मा बैंकका संचालक समितिका सदस्यहरूलाई विभिन्न बैठकहरूका लागि बैठकभत्ता/सुविधाबापत जम्मा रु. १,५८८,०००/- भुक्तानी भएको थियो । (अध्यक्षलाई रु. १०,०००/- प्रति बैठक एवं अन्य संचालकलाई रु. ८,०००/- प्रति बैठकका दरले) ।

२) प्रबन्धसंचालक तथा अन्य पदाधिकारीहरू :

क) समीक्ष वर्षमा प्रबन्ध संचालक र भारतबाट खटिई आएका पदाधिकारीहरू (एस. बि. आई. ले खटाएको व्यवस्थापन टोली) लाई निजहरूको आवास भाडा तथा औषधोपचार खर्चवापत रु. १,५९१,८३९/३७ भुक्तानी गर्नुका अतिरिक्त कुनै पारिश्रमिक दिइएको थिएन । निजहरूको पारिश्रमिक तथा भत्ता एस.बि. आई. ले नै बेहोर्ने गर्दछ ।

ख) अन्य पदाधिकारीहरू :

बैंकका अन्य पदाधिकारीहरूलाई पारिश्रमिक, भत्ता तथा सुविधावापत जम्मा रु. २५५,४३०,२८५/६९ भुक्तानी गरिएको थियो ।

ट) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :

२०६८ आषाढमसान्तसम्ममा बैंकका शेयरधनीहरूको तल उल्लिखित आर्थिक वर्षहरूको लाभांश बुझिलिन बाँकी रहेको थियो :

| आर्थिक वर्ष | रकम रु. |
|---|---|
| २०५२/५३ | २७१,६००/०० |
| २०५३/५४ | २६०,०००/०० |
| २०५४/५५ | २९६,४००/०० |
| २०५५/५६ र २०५६/५७ | ४५३,५००/०० |
| २०५९/६० | ६८५,८०१/२० |
| २०६२/६३ | ८३३,४०६/५० |
| २०६३/६४ | १,५६०,९४५/०० |
| २०६६/६७ | ७,२१२,२१५/७३ |
| जम्मा | ११,५७३,८६८/४३ |

ठ) कम्पनी ऐन, २०६३ को दफा १४१ मा व्यवस्था भएअनुरूप बैंकले समीक्ष आर्थिक वर्षमा कुनै सम्पत्ति खरिद गरेको छैन ।

ड) कम्पनी, ऐन, २०६३ को दफा १७५ मा व्यवस्था भएअनुरूप बैंकले समीक्ष आर्थिक वर्षमा आफ्ना सम्बद्ध कम्पनीसँग कुनै कारोबार गरेको छैन ।

वि.सं. २०६८/०८/१० हसना शर्मा
त्रिभुवन आर्मी अफिसर्स क्लब, अध्यक्ष
भद्रकाली, काठमाडौं ।

# शेयरधनी महानुभावहरूसमक्ष
# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले नेपाल एसबिआई बैंक लिमिटेडको यसैसाथ संलग्न २०६८/३/३२ (१६ जुलाई २०११) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्युटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

आर्थिक विवरणहरूप्रति व्यवस्थापनको जिम्मेवारी

२. नेपाल लेखामानअनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारीअन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्नेसम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिहरूको छनौट तथा लागू गर्ने एवं परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

लेखापरीक्षकको जिम्मेवारी

३. लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरू उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमानबमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षणअन्तर्गत वित्तीय विवरणमा उल्लिखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखासहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले बैंकको आन्तरिक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, बैंकले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्बन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरू एवं गरिएका महत्वपूर्ण अनुमानहरूको उपयुक्तताको मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखासमेत समावेश हुन्छ ।

हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

मन्तव्य

४. हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरूले नेपाल एसबिआई बैंक लिमिटेडको २०६८ आषाढ ३२ गते (१६ जुलाई २०११) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको प्रचलित कानूनका अधीनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामानअनुसार यथार्थ चित्रण गर्दछ र कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार तयार गरिएको छ ।

अन्य कानूनी तथा नियामक निकायका आवश्यकतासम्बन्धी प्रतिवेदन

५. हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रूपमा पाएका छौं ।

(ख) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचीहरू नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, बहीखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेकाछन् ।

(ग) हाम्रो रायमा, बैंकको हिसाब किताब ऐनबमोजिम ठीकसँग राखिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार बैंकले व्याज आम्दानी हिसाब नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको छ ।

(घ) हामीले बैंकको स्रेस्ता लेखापरीक्षणको समयमा, बैंकको संचालकसमिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानूनविपरीत कुनै कार्य गरेको वा बैंकको सम्पत्ति हिनामिना गरेको वा बैंकको हानिनोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) बैंकले गरेको कार्य आफ्नो कार्यक्षेत्रभित्र रहेको पाइयो ।

(च) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पूँजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।

(छ) बैंकले नेपाल राष्ट्र बैंकद्वारा स्वीकृत निर्देशनअनुरूप कर्जा अपलेखन गरेको छ ।

(ज) बैंकले नेपाल राष्ट्र बैंकले दिएको निर्देशनअनुरूप कार्य गरेको छ ।

(झ) बैंकले निक्षेपकर्ता तथा लगानीकर्ताहरूको हित संरक्षणविरुद्ध कार्य गरेको देखिएन ।

(ञ) बैंकका शाखाहरूबाट प्राप्त विवरणहरू स्वतन्त्र लेखापरीक्षण नगरिएको भएतापनि हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए, र

(ट) बैंकमा लेखासम्बन्धी कुनै जालसाजी भएको, बैंकको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

स्थान: काठमाडौं

मिति: २०६८/६/२७

पुष्पलाल श्रेष्ठ, एफ. सि. ए
साझेदार
पि.एल.श्रेष्ठ एण्ड कं., चार्टड एकाउण्टेण्टस्

**द्रष्टव्य :**

यो संक्षिप्त वार्षिक आर्थिक विवरण बैंकको १८ औं वार्षिक प्रतिवेदनको पूर्ण विवरण नभई आ. व. २०६७/६८ को वार्षिक आर्थिक विवरणका प्रमुख कुराहरूलाई मात्र समेटिएर तयार गरिएको संक्षिप्त पुस्तिका हो ।

शेयरधनी महानुभावहरूले बैंकको १८ औं वार्षिक प्रतिवेदनको पूर्ण विवरण बैंकको हात्तिसार, काठमाडौं स्थित प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी वा बैंकको वेबसाइट www.nepalsbi.com.np मार्फत प्राप्त गर्न सक्नुहुनेछ ।

प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनी ऐन, २०६३ को दफा ८४ तथा संचालकको प्रतिवेदन एवं आ.व. २०६७/६८ को वार्षिक आर्थिक विवरणअनुरूप रहेको भनी स्वतन्त्र लेखापरीक्षक पि. एल. श्रेष्ठ एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्बाट राय प्राप्त भएको छ ।

# नेपाल एसबिआई बैंक लि. को अठारौं वार्षिक साधारण सभामा प्रस्तावित नेपाल एसबिआई बैंक लि. को प्रबन्धपत्रमा संशोधनको तीन महले

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

(शेयरहरूमा सीमित दायित्व भएको)

नेपाल एसबिआई बैंक लि. को प्रबन्धपत्रमा संशोधनको तीन महले (अठारौं वार्षिक साधारणसभामा प्रस्तावित)

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| दफा/उपदफा | दफा/उपदफा | |
| ५.१<br>(क) बैंकको अधिकृत पूँजी रु.२,००,००,००,०००/–(दुई अर्ब रुपैयाँ) हुनेछ । जसलाई रु.१००/– (एक सय रुपयाँ) का दरले २,००,००,००० (दुई करोड) साधारण शेयरमा विभाजन गरिएको छ । | ५.१<br>(क) बैंकको अधिकृत पूँजी रु.३,००,००,००,०००/–(तीन अर्ब रुपैयाँ) हुनेछ । जसलाई रु.१००/– (एक सय रुपैयाँ) का दरले ३,००,००,००० (तीन करोड) साधारण शेयरमा विभाजन गरिएको छ । | बैंकको व्यवसायको लागि आवश्यक पूँजी वृद्धि गर्न । |
| (ख) बैंकको जारी पूँजी रु. १,८६,९३,०३,२५८।– ( एक अर्ब छ्यासी करोड त्रियान्नब्बे लाख तीन हजार दुई सय अन्ठाउन्न) हुनेछ । | (ख) बैंकको जारी पूँजी रु.२,१०,२९,६६,१६५/- (दुई अर्ब दश करोड उनन्तीस लाख छैसट्ठी हजार एक सय पैंसट्ठी रुपैयाँ) हुनेछ । | बोनस शेयर जारी गर्न । |
| (ग) बैंकको चुक्ता पूँजी रु. १,८६,९३,०३,२५८।– ( एक अर्ब छ्यासी करोड त्रियान्नब्बे लाख तीन हजार दुई सय अन्ठाउन्न) हुनेछ । | (ग) बैंकको चुक्ता पूँजी रु.२,१०,२९,६६,१६५/-(दुई अर्ब दश करोड उनन्तीस लाख छैसट्ठी हजार एक सय पैंसट्ठी रुपैयाँ) हुनेछ । | |

टिपोटः

# संचालकसमिति



**हसना शर्मा**
अध्यक्ष
कर्मचारी संचयकोषबाट मनोनीत



**हेमन्त जि. कान्ट्रेक्टर**
सञ्चालक
एस. बि. आई. बाट मनोनीत



**राजीव पाल सिंह**
सञ्चालक
एस. बि. आई. बाट मनोनीत



**एस. के. भट्टाचार्य**
सञ्चालक
एस. बि. आई. बाट मनोनीत



**मनोज कुमार अग्रवाल**
सञ्चालक
सर्वसाधारण शेयरधनीबाट निर्वाचित



**निरञ्जन कुमार टिवरेवाला**
सञ्चालक
सर्वसाधारण शेयरधनीबाट निर्वाचित



**मोहनराज जोशी**
विशेषज्ञ सञ्चालक



**एन. के. चारी**
प्रबन्धसञ्चालक
एस. बि. आई. बाट मनोनीत

www.nepalsbi.com.np